# कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यविधि, २०७५

(प्रदेश सरकार, मन्त्रीपरिषद, मिति २०७५/१०/०२ गतेको निर्णयबाट स्वीकृत)

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं.१, विराटनगर, नेपाल

सचिव

# कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यविधि, २०७५

(प्रदेश सरकारको मिति २०७५/१०/०२ को निर्णयबाट स्वीकृत)

पृष्ठभूमिः

करिव दुई तिहाई जनसंख्या कृषि पेशामा निर्भर रहेको नेपालको कृषि प्रणालीमा अझै पनि न्यून मात्रामा कृषि यन्त्र उपकरणहरुको प्रयोग भएको पाईन्छ । स्वदेशमा रोजगारका अवसरहरु कम भएका कारण वैदेशिक रोजगारका लागि विदेश पलायन हुने युवाहरुको संख्या दिन प्रतिदिन बढ्दो क्रममा रहेको कारणले कृषि व्यवसाय गर्ने जनशक्तिको अभाव पनि बढ्दो छ । कृषि प्रधान देश भएर पनि अधिकांश कृषिजन्य वस्तुहरुको उपभोग गर्नका लागि विदेशबाट आयातित वस्तुहरुमा नेपाली जनता निर्भर रहन बाध्य छन्। कृषि व्यवसायलाई निर्वाहमुखी व्यवसायमा मात्र सीमित नराखि प्रभावकारी रुपमा व्यवसायिक एवं प्रतिस्पर्धी बनाउनका लागि कृषि यन्त्र उपकरणहरु प्रयोग गर्न नितान्त आवश्यक भैसकेको छ । तसर्थ कृषि पेशालाई आधुनिकिकरण गरी व्यवसायिक एवं प्रतिस्पर्धात्मक बनाउन प्रदेश नं १ अन्तर्गत यान्त्रिकरण पद्दति कम अपनाईएका क्षेत्रहरुमा वाली अनुसार खेत तयारी (Land Preparation) देखि चुटानी (Threshing) सम्म प्रयोग हुने साना मेशिनरी औजार उपकरणहरुको सेटमा सिमान्तकृत किसानहरुको पहुँच बढाउन साना हाते ट्र्याक्टर, पावर टिलर र तीनमा प्रयोग हुने कृषि यन्त्र तथा उपकरण (Accessories) मा अनुदान दिई प्रोत्साहन गर्न आवश्यक भएकोले यस प्रदेश सरकारले कृषि यान्त्रिकरण कार्यक्रमलाई विशेष महत्व दिएको हुँदा सो कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ३(१) को अधिकार प्रयोग गरि प्रदेश सरकारबाट कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यविधि, २०७५ तयार गरि लागू गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यो कार्यविधिको नाम "कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यविधि,२०७५" रहेको छ ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्य विधिमा

(१) "कृषि यन्त्र उपकरण" भन्नाले यस कार्यविधिको अनुसूची -२ मा उल्लेख गरिए बमोजिमका यन्त्र उपकरणहरुलाई सम्झनु पर्दछ ।

(२) "सेट" भन्नाले यस कार्यविधिको अनुसूची -२ मा उल्लेख गरिए बमोजिमका दुई वा दुई भन्दा बढि यन्त्र उपकरणहरुलाई सम्झनु पर्दछ ।

सचिव प्रमुख सचिव

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश सरकार प्रदेश नं.-१ विराटनगर, नेपाल

(३) "उपभोक्ता" भन्नाले अनुदानमा कृषि यन्त्र उपकरण लिन ईच्छुक कृषि व्यवसाय गर्ने उद्देश्य लिई प्रचलित कानुन बमोजिम दर्ता भएको कृषक समुह, कृषि सहकारी, निजी फर्म/कृषि उद्यमी तथा व्यक्तिगत वा कृषक (एक वा संयुक्तरुपमा मिलेर आएमा एकभन्दा बढी) लाई सम्झनु पर्दछ ।

(४) "निर्देशनालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. १ अन्तर्गतको कृषि विकास निर्देशनालय भन्ने सम्झनु पर्दछ ।

(५) "आपुर्तिकर्ता" भन्नाले अनुसूची-२ मा उल्लेखित कृषि यन्त्र उपकरण उपलब्ध गराउने कम्पनी, वितरक ,एजेन्ट, डिलर आदिलाई सम्झनु पर्दछ ।

(६) "समिति" भन्नाले यसै कार्यविधिको दफा १० मा उल्लेखित समितिलाई सम्झनु पर्दछ ।

**३. कार्यक्रम संचालनको उद्देश्य** : यस कार्यविधि अनुसार कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछ ।

(१) विशेष गरी खाद्यान्न, तरकारी, फलफुल वाली तथा अन्य कृषिजन्य वाली उत्पादनमा यान्त्रिकरण गर्न सहयोग पुऱ्याउने ।

(२) प्रति इकाई उत्पादन वृद्धि तथा उत्पादन लागत घटाउने ।

(३) युवा जनशक्तिलाई कृषि पेशामा आकर्षित गर्ने/ गराउने ।

(४) कृषिलाई आधुनिकिकरण, व्यवसायिककरण एवं प्रतिस्पर्धात्मक बनाई खाद्य तथा पोषण सुरक्षाको साथै स्वरोजगारको अवसर श्रृजना गर्ने ।

## परिच्छेद -२
## कार्यक्रम संचालन

**४. जिल्ला तथा बाली छनौटः** कार्यक्रम सञ्चालन क्षेत्र तथा बाली छनौटका आधारहरु देहाय बमोजिम हुनेछन्

(१) प्रदेश नं.१ अन्तर्गत यान्त्रिकरणको प्रभावकारिता, यान्त्रिकरण पद्धति कम अपनाईएका जिल्लाहरुलाई प्राथमिकता दिईनेछ ।

(२) विशेष गरी खाद्यन्न, तरकारी, फलफुल वाली तथा अन्य कृषिजन्य वाली उत्पादन गर्ने प्रमुख उद्देश्य लिएको,

(३) उपभोक्ताको माग र आवश्यकता हेरी वाली, जिल्ला र कृषि यन्त्र उपकरणहरुमा थपघट गर्न सकिने छ ।

**५. आपूर्तिकर्तासँग प्रस्ताव माग गर्नेः**

(१) निर्देशनालयले कृषि यन्त्र उपकरणहरुको आपुर्ति गर्न ईच्छुक आपूर्तिकर्ताहरुलाई शिलवन्दी प्रस्ताव पेश गर्न ३० (तीस) दिने म्याद दिई राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

सचिव

प्रमुख सचिव

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय प्रदेश नं.-१ विराटनगर, नेपाल

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्दा प्रस्तावकले अनुसूची १(क) बमोजिमका कागजातहरु, अनुसूची -२ बमोजिमका आपूर्ति गर्न सक्ने यन्त्र उपकरणहरुको विवरण र अनुसूची ४ अनुसारको निवेदन र अन्य सान्दर्भिक विवरण समेत पेश गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम तयार गरिएका प्रस्ताव उपदफा (१) बमोजिमको म्यादभित्र कृषि विकास निर्देशनालय, प्रदेश नं. १ मा पेश गर्नु पर्नेछ ।

(४) प्रस्ताव साथ अनुसूची ३ को बुँदा १० मा पेश गरेको एक आ.व. मा आपूर्ति गर्न सक्ने रकमको यस निर्देशनालयले तोके अनुसारको म्याद र रकम भएको बैंक ग्यारेन्टी वा सो बराबरको रकम यस निर्देशनालयले तोकेको खातामा जम्मा गरी सक्कल भौचर सहित पेश गर्नु पर्नेछ ।

६. प्रस्ताव मूल्याङ्कन आधारः

(१) दफा ५ उपदफा (१) बमोजिम पर्न आएका प्रस्तावहरुको आर्थिक मूल्याङ्कनको लागि ३५ अंक र प्राविधिक मूल्याङ्कनका लागि ६५ अंक भार मानी कुल १०० भारमा मूल्याङ्कन गरिने छ ।

(२) उपदफा (१) बमोजिमका प्राप्त हुन आएका प्रस्तावहरुको मूल्याङ्कन गर्दा ६० अंक भार प्राप्त गर्ने प्रस्तावहरु अनुदानमा कृषि यन्त्र उपकरण आपूर्ति गर्न छनौट गरिने छ ।

७. मूल्याङ्कन गर्ने अवधिः यस कार्यविधि बमोजिम पर्न आएका प्रस्तावहरु दफा १० वमोजिमको समितिले दफा ५ को उपदफा (१) को अवधि समाप्त भएको मितिले ३० दिन भित्र मूल्याङ्कन गरी तीन दिन भित्र यस निर्देशनालयलाई जानकारी दिनु पर्नेछ ।

८. मूल्याङ्कनको जानकारी गराउनु पर्नेः

(१) दफा ७ बमोजिम भएको मूल्याङ्कनको परिणाम प्राप्त भएको भोली पल्ट निर्देशनालयले आपूर्तिकर्ता, सरोकारवाला र अन्य सर्वसाधरणको जानकारीको लागि निर्देशनालयमा सूचना टाँस गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम प्रकाशित परिणामको जानकारी यथाशिघ्र प्राप्त गर्ने गरी छिटो साधन जस्तैः फ्याक्स, इमेल, वा यस्तै विद्युतीय माध्यमवाट तीन दिनभित्र कृषि ज्ञान केन्द्रहरुमा पठाउनु पर्नेछ ।

९. उपभोक्ताबाट निवेदन माग गर्नेः

(१) यस कार्यविधि बमोजिम कृषि यन्त्र उपकरणहरु सेटमा अनुदान लिन चाहने कृषक उपभोक्ताका लागि २१(एक्काइस) दिनको म्याद दिई निर्देशनालयले राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरी निवेदन माग गर्न सक्नेछ ।

सचिव

प्रमुख सचिव

प्रदेश सरकार मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं.-१ विराटनगर, नेपाल

(२) उपदफा (१) बमोजिम अनुदान लिन चाहने कृषक उपभोक्ताले अनुसूची १(ख) र संस्थागत उपभोक्ताका लागि अनुसूची १ (ग) बमोजिमका कागजातहरुका प्रमाण संलग्न गरी अनुसूची-४ बमोजिमको ढाँचामा म्यादभित्र सम्बन्धित कृषि ज्ञान केन्द्रहरुमा निवेदन दिनु पर्नेछ ।

(३) कृषि ज्ञान केन्द्रहरुले उपदफा (२) बमोजिम प्राप्त हुन आएका निवेदनहरु ७ दिनभित्र छनौट गरी ३ दिन भित्र निर्देशनालयलाई संक्षिप्त विवरण तयार पारी जानकारी गराउनु पर्नेछ ।

**१०. छनौट समितिः** यस कार्यविधि बमोजिमको कार्यक्रम संचालनको लागि प्राप्त प्रस्तावहरुको छनौट गर्न देहाय बमोजिमको समिति गठन हुनेछ ।

| | |
|---|---|
| (क) प्रमुख, कृषि विकास निर्देशनालय | अध्यक्ष |
| (ख) वरिष्ठ कृषि विकास अधिकृत, खा.सु.तथा कृ.व्य.प्र. महाशाखा, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सदस्य |
| (ग) वरिष्ठ कृषि अर्थ विज्ञ, योजना, कार्यक्रम तथा अनुगमन शाखा, कृषि विकास निर्देशनालय | सदस्य |
| (घ) खरिद इकाई प्रमुख, कृषि विकास निर्देशनालय | सदस्य |
| (ङ) लेखा अधिकृत, कृषि विकास निर्देशनालय | सदस्य |
| (च) कृषि ईन्जिनीयर, कृषि यान्त्रिकरण शाखा, कृषि विकास निर्देशनालय | सह सदस्य सचिव |
| (छ) वरिष्ठ कृषि प्रसार अधिकृत, कृषि यान्त्रिकरण शाखा, कृषि विकास निर्देशनालय | सदस्य सचिव |

नोटःसमितिले आवश्यकता अनुसार विशेषज्ञ वा अन्य पदाधिकारीहरुलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**११. छनौट समितिको काम, कर्तव्य र अधिकारः**

(१) म्यादभित्र दर्ता भएका शिलवन्दी प्रस्तावहरु प्रस्तावदाता वा प्रतिनिधिको रोहवरमा खोल्ने ।

(२) आपूर्तिकर्ता तथा कृषि यन्त्र उपकरणको छनौट गर्ने ।

(३) छनौट भएका आपूर्तिकर्तले अनुसूची -२ अनुसार प्रस्ताव गरेका यन्त्र उपकरणहरुको किसिम (Type) ,क्षमता (Capacity/ Horse power), मोडेल (Model), ब्राण्ड (Brand) र अन्य स्पेशिफिकेशन (Specification) को आधारमा एकै खालका यन्त्र उपकरणहरुको समुहकृत गरी, उक्त समुहमा सबैभन्दा न्यूनतम् मूल्य (Lowest Rate) लाई आधार मानी अनुदानको रकम तोक्ने ।

सचिव प्रमुख सचिव

(४) प्रस्तावमा पेश भएका यन्त्र उपकरण समुहकृत गर्न नमिलेका अवस्थामा पेश गरेको सोही दरलाई न्युनतम् मूल्य आधार मानी अनुदानको रकम तोक्ने ।

(५) अनुदान दिने प्रयोजनका लागि छनौट गरिएका आपूर्तिकर्ता तथा कृषि यन्त्र उपकरणहरुको विवरण, छनौट भएका आपूर्तिकर्ताहरुको नामावली, उपलब्ध हुने स्थान र अनुदान रकम आदि विवरणहरु निर्देशनालय मार्फत सम्बन्धित कृषि ज्ञान केन्द्रहरुलाई औपचारिक जानकारी दिने ।

(६) कृषि ज्ञान केन्द्रबाट प्राप्त संक्षिप्त विवरणलाई अध्ययन गरी प्रभावकारिता, यान्त्रिकरणको आवश्यकता र यान्त्रिकरण पद्धति कम अपनाइएका जिल्लाहरुलाई प्राथमिकता दिई कृषि ज्ञान केन्द्रहरु मार्फत उपभोक्ताहरुले माग गरेको यन्त्र उपकरणको परिमाण स्वीकृत वार्षिक बजेट अनुसार जिल्लागत कोटा, अनुदान रकम एकिन गर्ने। सो कार्य कृषि ज्ञान केन्द्रबाट संक्षिप्त विवरण अन्तिम प्राप्त भएको मितिले १५ दिन भित्र सम्पन्न गर्ने।

(७) उपदफा (२) अनुसार छनौट भएका आपूर्तिकर्ता र निर्देशनालय वीच सम्झौता गर्न सिफारिश गर्ने।

(८) कृषि विकास निर्देशनालय, कृषि ज्ञान केन्द्रलाई कार्यक्रम संचालनमा आवश्यक राय तथा सुझाव दिने ।

**१२. कृषि ज्ञान केन्द्रको काम कर्तव्य र अधिकार:**

सम्बन्धित कृषि ज्ञान केन्द्रको काम, कर्तव्य, अधिकार र जिम्मेवारी देहाय बमोजिमको हुनेछ ।

(१) दफा ११ को उपदफा (५) अनुसार पठाईएको विवरणहरु सेटमा कृषि यन्त्र उपकरणहरु अनुदानमा लिन ईच्छुक उपभोक्तालाई औपचारिक जानकारीका लागि कार्यालयमा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) दफा ९ अनुसार दर्ता भएका निवेदनहरुमा अनुसूची – १ (ख) वा (ग) अनुसार संलग्न कागजातहरु अध्ययन गरी सम्पूर्ण मापदण्ड पुगेका उपभोक्ताको सेटमा लिन चाहेका यन्त्र उपकरणहरुका आपूर्तिकर्ता, मोडेल (Model), ब्राण्ड (Brand) र न्यूनतम् मूल्य (Lowest Rate) अनुसारको संक्षिप्त विवरण तयार गरी १० दिन भित्र छिटो साधन मार्फत निर्देशनालयमा पठाउनु पर्नेछ ।

(३) प्राप्त जिल्लागत कोटा अनुदान रकमलाई आधार मानी सम्भव भएसम्म माग गर्ने सबै उपभोक्ताहरुलाई सिफारिश गर्ने र रकम नपुग भएमा अति आवश्यकलाई प्राथमिकता दिन सम्बन्धित कृषि ज्ञान केन्द्रले छनौटको मापदण्ड बनाई उपभोक्ताको माग अनुसारको आपूर्तिकर्तालाई अनुसूची-६ भरी सेटमा कृषि यन्त्र उपकरण आपूर्तिका लागि सिफारिश गर्नु

सचिव

प्रमुख सचिव

पर्नेछ । जिल्लागत कोटा, अनुदान रकम भन्दा बढि सिफारिश गरेमा स्वयम् कृषि ज्ञान केन्द्र नै जिम्मेवार र जवाफदेही हुनेछ ।

(४) कृषि पेशा, व्यवसायमा संलग्न भएको उपभोक्तालाई मात्र सिफारिश गर्नु पर्नेछ ।

(५) कृषि यन्त्र उपकरण अनुदान कार्यको नियमित निरीक्षण गर्ने र उपभोक्ताले कृषि यन्त्र उपकरणहरु अनुदानमा प्राप्त भए पछि अनुदान रकम भुक्तानी आवेदन फाराम अनुसूची -७ बमोजिम सिफारिश गर्नु पर्नेछ ।

१३. आपूर्तिकर्ताले पालन गर्नुपर्ने शर्तहरुः

आपूर्तिकर्ताले कार्यक्रम कार्यान्वयनका लागि देहाय बमोजिमका शर्तहरु पालना गर्नुपर्ने छ ।

(१) उपभोक्तालाई सेटमा मात्र कृषि यन्त्र उपकरण उपलब्ध गराउनु पर्नेछ।

(२) प्रस्ताव छनौट समितिबाट स्वीकृत जिल्लागत अनुदान रकम भन्दा बढि कृषि यन्त्र उपकरणहरु विक्री गरेमा बढि विक्री गरिएको कृषि यन्त्र उपकरणहरुमा अनुदान दिइने छैन र सोको जिम्मेवार आपूर्तिकर्ता स्वयम् नै हुनेछ ।

(३) अनुदान लिने उपभोक्तालाई कृषि यन्त्र उपकरण संचालन तथा मर्मत सम्बन्धि तालिमको व्यवस्था गर्नु पर्नेछ । साथै कृषि यन्त्र उपकरणका स्पेयर पार्टस सर्वसुलभरुपमा उपलब्ध हुने व्यवस्था गर्नु पर्नेछ ।आपूर्तिकर्ताले उपभोक्तालाई कृषि यन्त्र उपकरण संचालन तथा मर्मत सम्बन्धि तालिम दिएको प्रमाणको कागजात अनुदान रकम सोधभर्नाका बखत निर्देशनालयलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) अनुदानमा वितरित कृषि यन्त्र उपकरणहरुमा अनुसूची -१० को ढाँचा अनुसार प्रिन्ट वा प्लेटमा लेखी टाँस गर्नु पर्नेछ।

१४. उपभोक्ताले पालन गर्नुपर्ने शर्तहरुः

कार्यक्रम कार्यान्वयनका लागि देहाय बमोजिमका शर्तहरु पालन गर्नु पर्नेछ ।

(१) उपभोक्ता कृषि पेशा, व्यवसायमा संलग्न भएको हुनु पर्नेछ ।

(२) उपभोक्ताले सेटमा मात्र कृषि यन्त्र उपकरण अनुदान पाउने छन् ।

(३) व्यक्तिगत वा कृषक उपभोक्ता (एक वा संयुक्तरुपमा मिलेर आएमा एकभन्दा बढी) ले अनुसूची १(ख) र संस्थागत उपभोक्ताका लागि अनुसूची १ (ग) बमोजिमका कागजातहरु अनिवार्य पेश गर्नु पर्नेछ।

(४) अनुदानमा उपलब्ध गरिएको कृषि यन्त्र उपकरणहरु कृषि कार्यको समय कृषि कार्यमा प्रयोग नगरी अन्य गैर कृषि कार्यमा प्रयोग गर्न पाइने छैन ।

(५) कृषि ज्ञान केन्द्रको अनुसूची-६ बमोजिम आपूर्तिकर्ता सिफारिश र सिफारिश गरिएका सेटमा कृषि यन्त्र उपकरणहरु लिन आपूर्तिकर्तालाई अनुसूची-१ मा उल्लेखित कागजात र अनुसूची-५

सचिव

प्रमुख सचिव

प्रारम्भिक छनौटको फारम र अनुसूची-९ बमोजिम सम्झौता गरी अनुदान घटाई बाँकी रकम तिरी सेटमा कृषि यन्त्र उपकरण खरिद गर्नु पर्नेछ ।

(६) अनुसूची-९ अनुसार भएको सम्झौता बमोजिम उपभोक्ताले यस निर्देशलालयबाट प्राप्त गरेको अनुदान रकम आपूर्तिकर्तालाई भुक्तानी गर्नु पर्नेछ ।

(७) दफा १४ को उपदफा (६) अनुसार उपभोक्ताले अनुदान वापत पाएको रकम समयमा आपूर्तिकर्तालाई भूक्तानी नदिएमा आपूर्तिकर्तले उपलब्ध गराएको यन्त्र औजार, उपकरण फिर्ता लिई यस निर्देशनालयमा जानकारी गराउनु पर्नेछ । सो अवस्थामा निर्देशनालयले प्रचलित कानून बमोजिम असुल उपर गर्न सक्नेछ।

१५. अनुदान प्रवाह विधिः

अनुदान प्रवाह विधि देहाय बमोजिम हुनेछ ।

(१) आपूर्तिकर्ताले कृषि ज्ञान केन्द्रबाट सिफारिश भई आएका उपभोक्तालाई सेटमा कृषि यन्त्र उपकरण उपलब्ध गराउँदा **अनुसूची -९** अनुसार सम्झौता गरी तोकिएको अनुदान घटाई बाँकी रकम लिई उपलब्ध गराउनु पर्नेछ ।

(२) अनुदानका कृषि यन्त्र उपकरणहरु उपभोक्तालाई उपलब्ध गराईसकेपछि सम्बन्धित आपूर्तिकर्ताले **अनुसूची-४** बमोजिमको उपभोक्ताको निवेदन र फाराम, **अनुसूची-६** बमोजिमको कृषि ज्ञान केन्द्रको सिफारिश, **अनुसूची-७** बमोजिमको अनुदान रकम भुक्तानी आवेदन फाराम, **अनुसूची -१** बमोजिमका कागजातहरु, **अनुसूची-८** अनुसारको उपभोक्ताले भुक्तानी माग गरेको निवेदन, **अनुसूची-९** अनुसार उपभोक्ता र आपूर्तिकर्ता वीचको सम्झौता पत्र र बिक्रीको विल विजक, उपभोक्ताले कृषि यन्त्र उपकरणहरु बुझेको भरपाई समेत राखी निर्देशनालयमा अनुदानको रकम उपभोक्ताको खातामा भुक्तानी हुने गरी सोधभर्ना माग गर्नेछ ।

(३) आपूर्तिकर्ताबाट प्राप्त कागजातहरु निर्देशनालयको सम्वन्धित प्राविधिकबाट जाँच गरी सिफारिशको आधारमा अनुदान रकम नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वित्तिय संस्थामा उपभोक्ताको खातामा भुक्तानी गर्नेछ । भुक्तानी गर्दा नेपाल सरकारले तोके अनुसारको अग्रिम कर कट्टा गर्नेछ ।

(४) आपूर्तिकर्ताले प्रस्ताव साथ पेश गरेको बैंक ग्यारेन्टी वा सो बराबरको रकम सोही आ.व. को असार मसान्त पछि फुकुवा गरिने छ ।

(५) कृषि यन्त्र उपकरणहरुमा दिईने अनुदान छनौट समितिले तोके अनुसार हुने छ ।

१६. अनुगमनः

कार्यक्रमको अनुगमन देहाय बमोजिम गरिने छ ।

सचिव प्रमुख सचिव

(१) संचालित कार्यक्रमहरुको नियमित अनुगमन तथा मूल्याङ्कनको कार्य कृषि विकास निर्देशनालयबाट गरिनेछ ।

(२) संचालित कार्यक्रमहरुको नियमित अनुगमन तथा मूल्याङ्कनको कार्य प्रदेश सरकार, प्रदेश नं १ को भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कृषि विकास निर्देशनाल तथा जिल्लास्तरमा कृषि ज्ञान केन्द्रले गर्नेछ । कार्यक्रम संचालन तथा अनुगमन लगायतका कार्यका लागि अनुदान रकमको ५% सम्म रकम कन्टिजेन्सी स्वरुप छुट्याईने छ ।

(३) कृषि ज्ञान केन्द्रलाई अनुगमनको लागि जिल्लागत अनुदान रकमको बढिमा २.५% सम्म रकम उपलब्ध गराईनेछ । सोको बिल भरपाई निर्देशनालयमा पेश गरी भुक्तानी माग गर्नु पर्नेछ ।

(४) अनुदान प्राप्त उपभोक्ताले यस कार्यविधिमा निर्धारित कुनै शर्त पालना नगरेको वा अनुदान दुरुपयोग गरेको पाईएमा चालु हालतमा भएका कृषि यन्त्र उपकरणरहरु फिर्ता लिईनेछ र चालु हालतमा भएको नपाईएमा हर्जना लिई सम्बन्धित कृषि ज्ञान केन्द्रको सिफारिशमा निर्देशनालयले आवश्यकता अनुसार अन्यत्र उपलब्ध गराउन सक्नेछ।

(५) उपभोक्ताहरुलाई अनुदानमा उपलब्ध गराईएका कृषि यन्त्र उपकरणहरुको उपयोग तथा प्रभावकारिताका विषयमा निर्देशनालयले अध्ययन गर्नेछ ।

१७. आर्थिक प्रशासन सेवा

(१) कार्यक्रमको लेखा, लेखाङ्कन र लेखा परिक्षण प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि, मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र संघिय सरकारका प्रचलित कानून बमोजिम हुनेछ ।

१८। प्रचलित कानून लागु हुने

(१) कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधिमा उल्लेख भएकाको हकमा यसै बमोजिम तथा कार्यविधिमा उल्लेख नभएका कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१. बाधा अड्काउ फुकाउने (खारेजी एबं संशोधन)

(१) कार्यविधि कार्यान्वयनका सन्दर्भमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले आवश्यक निर्णय गर्न सक्नेछ ।

(२) कार्यविधि कार्यान्वयनमा बाधा अड्चन आइपरेमा वा विवाद उत्पन्न भएमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको निर्णय अन्तिम हुनेछ ।

(३) कार्यविधिलाई आवश्यकता अनुसार प्रदेश सरकारले खारेजी वा संशोधन गर्न सक्नेछ ।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं.-१ विराटनगर, नेपाल

सचिव

प्रमुख सचिव

अनुसूची-१

आवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु

(क) आपूर्तिकर्ताको लागि:

१. संस्था दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि

२. संस्था नवीकरणको प्रमाणको प्रमाणित प्रतिलिपि वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्रको प्रमाणित प्रतिलिपि अनिवार्य पेश गर्नु पर्नेछ।

३. संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

४. पछिल्लो तीन आ.व. को लेखापरीक्षणको प्रमाणित प्रतिलिपि (३ वर्ष सम्बन्धित कामको अनुभव हुनुपर्ने )

५. गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

६. आधिकारिक एजेन्टको (Authorized Agent ) प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

७. कृषि औजार उपकरणहरुको Specification खुल्ने Catalog र Leaflets

८. सम्भव भएसम्म बुझिने भाषामा आधिकारिक टेष्ट सर्टिफिकेटको (Test Certificate) प्रमाणित प्रतिलिपि

९. आधिकारिक डिलर सर्भिस सेन्टरको संस्था दर्ता, PAN वा VAT प्रमाण पत्र र संझौता पत्रको प्रमाणित प्रतिलिपि

१०. अनुसूची- ३ को बुँदा १० मा आपूर्तिकर्ताले उल्लेख गरेको एक आ.व.मा कृषि औजार उपकरणहरु आपूर्ति गर्न सक्ने कुल रकमको यस निर्देशनालयले तोके अनुसारको म्याद र रकम भएको बैंक ग्यारेन्टी वा सो बराबरको रकम निर्देशनालयले तोकेको बैंक खातामा जम्मा गरी सक्कल भौचर पेश गर्नु पर्नेछ।

(ख) व्यक्तिगत वा कृषक उपभोक्ता (एक वा संयुक्तरुपमा एकभन्दा बढी मिलेर आएमा) को लागि:

१. नागरिकता प्रमाण पत्रको प्रतिलिपी

२. मेशिनरी औजार संचालन तथा मर्मत सम्बन्धि तालिम लिएको भए सो प्रमाण पत्रको प्रतिलिपि

३. लालपूर्जाको प्रतिलिपी:

३.१ खाद्यान्न बाली, तरकारी बाली, आलु वाली, फलफुल वाली आदि: तराईका लागि १.५ हेक्टर (३० रोपनी वा ४५ कट्ठा), पहाडका लागि ०.५ हेक्टर (१० रोपनी वा १५ कट्ठा), हिमालका लागि ०.२५ हेक्टर (५ रोपनी वा ७.५ कट्ठा)

४. आफ्नो नाममा जग्गा नभई आफ्नै एकाघरको परिवारका नाममा जग्गा भएमा नाता खुल्ने कागजातको प्रमाण पेश गर्नुपर्ने छ ।

प्रमुख सचिव

सचिव

५. आफूले कमाई आएको जग्गा (गुठी स्वामित्वको वा आफू मोही भएको समेत) वा करारमा लिएको भए कम्तिमा ५ वर्ष सम्झौता अवधि रहेको प्रमाण सहित पेश गर्नुपर्नेछ ।

**(ग) संस्थागत उपभोक्ताको लागि (कृषि सहकारी, कृषक समुह, निजी फर्म)**

१. संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि
२. संस्था नविकरणको प्रमाण पत्रको प्रतिलिपि वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्र अनिवार्य पेश गर्नु पर्नेछ।
३. संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रतिलिपि
४. गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि
५. संस्थाको निर्णय प्रतिलिपि
६. संस्थाले अनुदान प्रक्रियाको लागि जिम्मेवार दिई खटाउने पदाधिकारीलाई अख्तियारी पत्र
७. अधिकार प्राप्त पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि र पासपोर्ट साइजको फोटो १ प्रति
८. लालपूर्जाको प्रतिलिपी:

   ८.१ खाद्यान्न बाली, तरकारी बाली, आलु वाली, फलफुल वाली आदि: तराईका लागि ४ हेक्टर (८० रोपनी वा १२० कट्ठा), पहाडका लागि १.५ हेक्टर (३० रोपनी वा ४५ कट्ठा), हिमालका लागि ०.५ हेक्टर (१० रोपनी वा १५ कट्ठा)

९. संस्थाको आफ्नो नाममा जग्गा नभई करारमा लिएको भए कम्तिमा ५ वर्ष सम्झौता अवधि रहेको प्रमाण सहित पेश गर्नुपर्नेछ ।

सचिव

प्रमुख सचिव

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं.-१ विराटनगर, नेपाल

अनुसूची--२

अनुदानमा वितरण गरिने कृषि औजार उपकरणहरु

| सि.नं. | कृषि मेशीनरी, औजार उपकरणहरुको नाम | क्षमता (Hp) | अनुदान रकम % मा | कैफियत |
|---|---|---|---|---|
| १ | चार पाङ्ग्रे ट्र्याक्टरका एटयाचमेन्टहरु | | ७५% | चार पाङ्ग्रे ट्र्याक्टरको एटयाचमेन्टहरु अनुदानमा लिनका लागि उपभोक्ताको नाममा ट्र्याक्टरको सवारी दर्ता प्रमाणपत्र (ब्लु बुक) अनिवार्य पेश गर्नु पर्नेछ। |
| १.१ | कल्टिभेटर | | ७५% | |
| १.२ | डिस्क प्लाव | | ७५% | |
| १.३ | डिस्क हैरो | | ७५% | |
| १.४ | एम वि प्लाव | | ७५% | |
| १.५ | हिलो चक्का/ एन्टी स्कीड व्हील | | ७५% | |
| १.६ | एस वा सी टाईप रोटाभेटर | | ७५% | |
| १.७ | लेभलर | | ७५% | |
| १.८ | सिड कम फर्टिलाईजर ड्रिल | | ७५% | |
| १.९ | सिड ड्रिल | | ७५% | |
| २.० | सिड प्लान्टर | | ७५% | |
| २.१ | जिरो टिल सिड ड्रिल | | ७५% | |
| २.२ | रिजर/वण्ड फर्मर | | ७५% | |
| २.३ | मेज प्लान्टर | | ७५% | |
| २.४ | पोटयाटो प्लान्टर | | ७५% | |
| २.५ | पोटयाटो डिगर | | ७५% | |
| २.६ | रिपर मेशिन | | ७५% | |
| २.७ | मल्टी क्रप थ्रेशर | | ७५% | |
| २.८ | धान थ्रेशर | | ७५% | |
| २.९ | गहुँ थ्रेशर | | ७५% | |
| ३.० | मेज सेलर | | ७५% | |
| ३.१ | मेज डिहस्कर | | ७५% | |
| ३.२ | पावर स्प्रेयर/बुम स्प्रेयर | | ७५% | |

सचिव

प्रमुख सचिव

| सि.नं. | कृषि मेशीनरी, औजार उपकरणहरुको नाम | क्षमता (Hp) | अनुदान रकम % मा | कैफियत |
|---|---|---|---|---|
| ३.३ | फर्टीलाइजर ब्रोड कास्टर/स्प्रेडर | | ७५% | |
| ३.३ | अन्य प्रकार केही भएमा आपुर्तिकर्तालेे पेश गर्ने | | ७५% | |
| ४.० | पावर टिलर विथ कल्टिभेटर | अधिकतम २० एच.पी. सम्म | ५०% | |
| ५.० | पावर टिलरका एटयाचमेन्टहरु | | | |
| ५.१ | एन्टी स्किड ह्वील | | ७५% | |
| ५.२ | एन्टी स्किड ह्वील कनेक्टर/हब कनेक्टर | | ७५% | |
| ५.३ | डिस्क प्लाव | | ७५% | |
| ५.४ | डिस्क हैरो | | ७५% | |
| ५.५ | रिजर/वण्ड फर्मर | | ७५% | |
| ५.६ | सिड कम फर्टिलाइजर ड्रिल | | ७५% | |
| ५.७ | सिड ड्रिल | | ७५% | |
| ५.८ | पोटयाटो प्लान्टर | | ७५% | |
| ५.९ | पोटयाटो डिगर | | ७५% | |
| ६.० | रिपर | | ७५% | |
| ६.१ | थ्रेसर | | ७५% | |
| ६.२ | मल्टी क्रप थ्रेसर | | ७५% | |
| ६.३ | पावर स्प्रेयर | | ७५% | |
| ६.४ | अन्य प्रकारका केही भएमा आपुर्तिकर्तालेे पेश गर्ने | | ७५% | |
| ७ | मिनि टिलर | अधिकतम ९ एच.पी. सम्म | ७५% | |
| ८ | मिनि टिलरका एटयाचमेन्टहरु | | ७५% | |
| ८.१ | हिलो चक्का/एन्टी स्कीड व्हील | | ७५% | |

सचिव

प्रमुख सचिव

| | | | | |
|---|---|---|---|---|
| ८.२ | सिड ड्रिल | | ७५% | |
| ८.३ | रिजर | | ७५% | |
| ८.४ | एन्टीर्याप ब्लेड | | ७५% | |
| ८.५ | डिप टिलिङ्ग ब्लेड | | ७५% | |
| ८.६ | पोटयाटो प्लान्टर | | ७५% | |
| ८.७ | पोटयाटो डिगर | | ७५% | |
| ८.८ | रिपर | | ७५% | |
| ८.९ | थ्रेसर | | ७५% | |
| ९.० | पावर स्प्रेयर | | ७५% | |
| ९.१ | अन्य प्रकार केही भएमा आपुर्तिकर्ताले पेश गर्ने | | ७५% | |
| १० | स्वचालित उपकरणहरु | | ७५% | |
| १०.१ | राईस ट्रान्सप्लान्टर (म्यानुयल) | | ७५% | |
| १०.२ | राईस ट्रान्सप्लान्टर (वाक | | ७५% | |
| १०.३ | राईस ट्रान्सप्लान्टर (राइडिङ्ग | | ७५% | |
| १०.४ | सिडलिङ्ग मेशिन | | ७५% | |
| १०.५ | रिपर | | ७५% | |
| १०.६ | रिपर बाईनडर | | ७५% | |
| १०.७ | मल्टी क्रप थ्रेसर | | ७५% | |
| १०.८ | थ्रेसर | | ७५% | |
| १०.९ | पैडल थ्रेसर इलेक्ट्रिकल/म्यानुयल | | ७५% | |
| ११ | मेज सेलर | | ७५% | |
| ११.१ | मेज डिहस्कर | | ७५% | |
| ११.२ | पावर स्प्रेयर | | ७५% | |
| ११.३ | ब्रस कटर | | ७५% | |
| ११.४ | अन्य प्रकार केही भएमा | | | |

नोटः माथि उल्लेखित कृषि यन्त्र उपकरण सेटमा माग गर्दा एकै प्रकारको दोहोरो माग गर्न पाईने छैन ।

सचिव

प्रमुख सचिव

प्रदेश सरकार मन्त्रिपरिषदको कार्यालय प्रदेश नं.-१ विराटनगर, नेपाल

अनुसुची-३

## Application for Firm Selection

(सप्लायर्स प्रयोजनका लागि)

1. Firm Name: ..................................................................................................
2. Head Office Address: ...........................................................................................
   Telephone: .................................... Fax: ..........................................
   Email: ...........................................................................................
3. Responsible Person ...........................................................................................
   Position .........................................................................................
   Telephone......................... Mobile: .................. Fax: .....................
   Email: ...........................................................................................
4. Firm Registration No. ............................. Registered Office...............................
   Date: ............................................................................................
5. PAN/VAT Registration No.......................... Date: ..............................................
6. Business Type/Purpose: ........................................................................................
7. Financial Situation of Last Three Years. (Attach Audited Report of three years)
   Information from Balance Sheet

| Fiscal Year | 1 (..............................) | 2 (..............................) | 3 (..............................) |
|---|---|---|---|
| Total Assets | | | |
| Total Liabilities | | | |
| Net Worth | | | |
| Current Assets | | | |
| Current Liabilities | | | |

Information from Income Statement

| Fiscal Year | 1 (..............................) | 2 (..............................) | 3 (..............................) |
|---|---|---|---|
| Total Revenues | | | |
| Profit Before Tax | | | |
| Profit After Tax | | | |

Financial Resources (Add if Required)

| No. | Source of Financing | Amount |
|---|---|---|
| | | |
| | | |
| | | |

Note: The letter from the bank must be unconditional

8. Human Resources Capability

| S.N. | Name | Position | Qualification (Must submit Certificate copy)* | Experience (Year) |
|---|---|---|---|---|
| | | Manager | | |
| | | Account/Sales/Marketing | | |
| | | Engineer/Sub Engineer /Mechanics | | |

*Attach C.V and certificate otherwise will not be considered for evaluation.

9. Rate and details of the Equipments that the firm can supply as of annex-2 (Attach the relevant catalogs, specifications)

Brief Specifications of Equipments

| S.N. | Name of the equipments | Brand | Model | Power, HP | Per Unit Cost(Including VAT and TAX) | | Free Spare Parts including Tool Box | No. of Free Servicing after sales |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | Rate in Figures | Rate in Words | | |
| | | | | | | | | |
| | | | | | | | | |

10. Availability of Equipments that the firm can supply as of annex-2 ( For one FY)

सचिव

प्रमुख सचिव

| S.N | Name of the equipments | Brand | Model | Available in Stock (No.) | Quantity that can be supplied in one FY | Rate in Figures | Total Amount (NRs)* |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

*Please submit deposit voucher or bank guarantee of 2.5% of the total amount (N.Rs.) that the firm can supply in one FY. If not submitted the firm will not be Eligible for evaluation.

11. Availabilities of Spare Parts (Attach separate sheet if required)

| S.N. | Parts Name | Quantity | Unit Rate in figures | Amount |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

Total Spare Parts available in NRs...................................... (must be quoted for evaluation purpose)

12. Dealer, Branches and Distributaries in the country

| S.N. | Name | Address | Contact Person | Email | Telephone | Mobile |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

Submit copy of dealership agreement with firm registration, PAN or VAT registration otherwise will not be considered for evaluation.

सचिव

प्रमुख सचिव

13. Service Centers

| S. N. | Name | District | Types of Service Available (Routine/Regular? Engine Overhaul) | Address | Contact Person | Email | Telephone | Mobile |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

14. Professional Experience

15. Specific Experience (Please submit supporting documents)

I, hereby, declare that the above submitted information are true and correct based on relevant documents and our knowledge and we are not ineligible to participate in the expression of interest, has no conflict of interest in the proposed procurement proceedings and has not been punished for the pro fission or business related offence.

| |
|---|
| Office Stamp |

(Signature of Authorized Person)

Name:……………………………………

Position:…………………………………

सचिव

प्रमुख सचिव

अनुसुची -४

अनुदानमा कृषि यन्त्र उपकरण प्राप्त गर्न चाहने उपभोक्ताले कृषि ज्ञान केन्द्रमा पेश गर्ने निवेदनको ढाँचा

मिति :

श्रीमान् प्रमुखज्यू ,
कृषि विकास निर्देशनालय,
प्रदेश नं.१, विराटनगर।
मार्फतः श्री कृषि ज्ञान केन्द्र,
.................................................. ।

विषयः सेटमा कृषि यन्त्र उपकरण अनुदानमा उपलब्ध गराई पाउँ।

मलाई/हामीलाई खाद्यान्न वाली, तरकारी वाली, आलु वाली र फलफूल वाली उत्पादन कार्यमा उपयोग गर्नका लागि "कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यविधि, २०७५" अनुसार निर्देशनालयको मिति ............................को ................................राष्ट्रिय दैनिक र कृषि ज्ञान केन्द्रमा टाँस गरिएको सूचनाको आधारमा उल्लेखित मध्येको आवश्यक परेको कृषि यन्त्र उपकरणहरु प्रारम्भिक छनौट फारममा भरी सेटमा कृषि यन्त्र उपकरणहरु अनुदानमा उपलब्ध गराई पाउनका लागि यो निवेदन पेश गरेको छु/छौं।

संलग्न कागजातः

१.
२.
३.
४.
५.
६.
७.

निवेदकको नामः..................................................
पदः ..............................................................

दस्तखतः ........................................................
संस्थाको नामः ..............................................
संस्थाको छापः

सचिव

प्रमुख सचिव

पासपोर्ट साइजको दुवै कान देखिने फोटो

अनुसूची-५

## सेटमा कृषि यन्त्र उपकरण अनुदानमा लिन उपभोक्ताले प्रारम्भिक छनौटको लागि भर्ने फारम

(क) उपभोक्ताको विवरणः

१.संस्थाको नामः ........................................................................अधिकार प्राप्त पदाधिकारिको नागरिकता प्र.प.नं. .................................... र जारी मिति ....................

२.दर्ता नः .................. दर्ता मिति ................... दर्ता निकाय ...........................

३.स्थायी ठेगानाः जिल्ला.............. नगर/गा.वि.स..............वडा नं..... टोल........

४.हालको ठेगानाः जिल्ला........... नगर/गा.वि.स..............वडा नं..... टोल........

५.सम्पर्क व्यक्तिको नामः................................ पदः............. ............मोबाईल फोन नं..........................
इमेलः.............................................

६.नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वित्तिय संस्थाको नामः..............................ठेगाना................................ खाता नं .................................

७. उपभोक्ताको PAN No. ......................................

८. सदस्य संख्याः महिला........... पुरुष............दलित...........जनजाती ....................

९. लाभान्वित कृषक संख्याः प्रत्यक्ष.................... अप्रत्यक्ष..................................

१०.प्राप्त गर्न चाहेको कृषि यन्त्रहरुको विवरण ( कृषि ज्ञान केन्द्रमा टाँस गरिएको सूचना)

| सि.नं. | आपुर्तिकर्ताको नाम | यन्त्रको नाम | ब्रान्ड | मोडेल | हर्ष पावर/साइज | मूल्य रु. | अनुदान रकम रु |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

सचिव

प्रमुख सचिव

प्रदेश सरकार तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं.-१ विराटनगर, नेपाल

प्राप्त कृषि यन्त्रहरु उपयोग गर्ने वाली, क्षेत्र र क्षेत्रफल:

| सि.नं. | वाली | क्षेत्र (गा.पा./न.पा. वार्ड नं.) | क्षेत्रफल (हेक्टर) |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

१२. सेटमा कृषि यन्त्र उपकरण अनुदानमा लिन म/हामी छनौट भएमा अनुदान बाहेक नगद तिरी कार्यक्रममा संलग्न हुन सहमत छु/छौं ।

माथि पेश गरेको विवरण ठिक साँचो छ, झुठा ठहरी कानुनी कार्वाही भएमा राजी छु/छौं।

मलाई/हामीलाई त्यस निर्देशनालयबाट व्यवस्था भए बमोजिमको अनुदान उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछु/गर्दछौ।

संस्थाको छाप

निवेदकको नामः ......................................................

दस्तखतः ...................................................................

मितिः...........................................

सचिव

प्रमुख सचिव

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय प्रदेश नं.-१ विराटनगर, नेपाल

अनुसूची-६

कृषि ज्ञान केन्द्रले उपभोक्ताबाट छनौट गरेका आपूर्तिकर्तालाई गर्ने सिफारिशको ढाँचा

मिति:..............................

श्री.............................................................................(आपूर्तिकर्ताको नाम)

..............................................................................। (ठेगाना)

विषय: सिफारिस गरी पठाइएको।

श्री ............................................................................ ले मिति ............................ मा दिनु भएको निवेदनमा यस केन्द्रको मिति ....................... गतेको निर्णय अनुसार छनौट भएको ...................... कार्यमा प्रयोग हुने तपसिलका सेटमा कृषि यन्त्र उपकरणहरु "कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यविधि, २०७५" बमोजिम अनुदानमा कृषि यन्त्र उपकरणहरु उपलब्ध गराई दिनुहुन सिफारिश गर्दछु।

तपसिल

अनुदानको लागि सिफारिश गरिएका कृषि यन्त्र उपकरणको विवरण:

| सि.नं. | आपुर्तिकर्ताको नाम | यन्त्रको नाम | ब्रान्ड | मोडेल | हर्ष पावर/साइज | मूल्य रु. | अनुदान रकम रु. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

संलग्न कागजात:

१.

२.

३.

कृषि ज्ञान केन्द्रको प्रमुख वा आधिकारिक अधिकृतको

नाम:..........................................................

दस्तखत:......................................................

पद:...........................................................

प्रमुख सचिव

अनुसूची-७

## अनुदान रकम भुक्तानी आवेदन फारम

**आपूर्तिकर्ताको प्रयोजनको लागि**

१. जिल्ला...................... गा.वि.स/न.पा. ............................ वस्ने उपभोक्ता श्री.............................................छनौट भई माग गरे बमोजिम र श्री कृषि ज्ञान केन्द्र, ...................... को च.नं.............मिति ................को सिफारिस पत्र अनुसार..........................................को खरिद/विक्रि मूल्य रु. ..................................पर्नेको अनुदान स्वरुप रु.............................अक्षरेपी ...............................................को कृषि यन्त्र उपकरण उपलब्ध गराईएको छ।

संस्थाको छाप

आपुर्तिकर्ताको नाम र ठेगाना:......................

आधिकारिक व्यक्तिको सही:.........................

आधिकारिक व्यक्तिको नाम:.........................

२. कृषि यन्त्र उपकरण बुझिलिनेको नाम..............................................................सही:..............................
मिति .......................... PAN No.....................................

३. नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वित्तिय संस्थाको नाम:........................................
ठेगाना .............................. खाता नं. ............................................

४. सम्बन्धित कृषि ज्ञान केन्द्रबाट अनुदान रकम भूक्तानीको लागि सिफारिश गर्ने प्रमुख वा आधिकारिक अधिकृतको नाम :..................... ...............................

सहि .......................................................

कार्यालयको छाप

---

**कृषि विकास निर्देशनालय प्रयोजनको लागि**

५. उपरोक्तानुसार भएको देखिएकोले कृषि यन्त्र उपकरण अनुदान रकम रु.........................................
अक्षरेपी ...........................................उपभोक्ताको नाममा भूक्तानी प्रयोजनार्थ सिफारिस गर्दछु।

सही:.........................

दर्जा:.........................

स्वीकृत गर्ने अधिकारी:.............

सचिव

प्रमुख सचिव

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं.-१ विराटनगर, नेपाल

अनुसूची-८

उपभोक्ताले भुक्तानी माग गर्ने निवेदनको ढाँचा।

मितिः

श्रीमान् प्रमुखज्यू,
कृषि विकास निर्देशनालय,
प्रदेश नं १, विराटनगर।
मार्फतः श्री कृषि ज्ञान केन्द्र,
.............................................।

विषयः सेटमा कृषि यन्त्र उपकरण अनुदानको लागि भुक्तानी पाउँ।

मलाई/हामीलाई सेटमा कृषि यन्त्र उपकरण अनुदानको लागि आवश्यक कागजात सहित अनुदान घटाइ बाँकी रकम आपुर्तिकर्तालाई तिरी सकेको र सो कृषि यन्त्र उपकरण बुझिलिएको हुनाले तपसिल बमोजिमको यस संस्थाको नाममा भएको बैंक खातामा अनुदानको रकम उपलब्ध गराई पाउनका लागि यो निवेदन पेश गरेको छु/ गरेका छौं।

तपसिलः
बैकको नामः.......................................................
बैकको ठेगानाः.....................................................
संस्थाको खाता नः..................................................

निवेदकः ..........................................................

दस्तखतः ..........................................................
नामः ..............................................................
संस्थाको नामः ..................................................
पदः ...............................................................
संस्थाको छापः

प्रमुख सचिव

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं.-१
विराटनगर, नेपाल

सचिव

अनुसूची-९

उपभोक्ता र आपूर्तिकर्ता वीचको सम्झौता पत्र

यो सम्झौता मिति २०७५/........ का दिन ............................................................. (यसपछि आपूर्तिकर्ता भनिने) र ..................................................................(यसपछि उपभोक्ता भनिने) वीच कृषि यन्त्र, औजार, उपकरणहरु अनुदानमा वितरण कार्य सम्पन्न गर्नका लागि "कृषि यान्त्रिकरण अनुदान परिचालन कार्यविधि, २०७५" बमोजिम छनौट समितिबाट छनौट भएका कृषि यन्त्र, औजार उपकरणहरुको मोडेल, ब्राण्ड र क्षमतामा मात्र स्वीकृत अनुदान रकम उपभोक्ताले निर्देशनालयबाट प्राप्त भए पश्चात आपूर्तिकर्तालाई भुक्तानी दिने गरी सहमत भई तपसिलका शर्तहरुको अधिनमा रही यो सम्झौता गरिएको छ ।

शर्तहरु:

१. आपूर्तिकर्ताले स्वीकृत कार्यविधिको बुँदा नं.१३ अनुसारका शर्तहरु पूर्णरुपले पालना गर्नु पर्दछ ।

२. आपूर्तिकर्ताले आफ्ना तोकिएको बिक्री केन्द्रहरुबाट बिक्री भएका कृषि यन्त्र, औजार, उपकरणको अनुदान रकम उपभोक्तालाई भुक्तानी प्राप्त गर्न तपसिल अनुसारका कागजात निर्देशनालयमा पेश गर्नु पर्ने छ ।

क) अनुसूची-४ अनुसार उपभोक्ताको निवेदन र प्रारम्भिक छनौटको फारम ।

ख) अनुसूची-५ अनुसार सम्बन्धित ज्ञान केन्द्रको आपूर्तिकर्तालाई गरिने सिफारिस पत्र ।

ग) अनुसूची-६ अनुसार अनुदान रकम भुक्तानी आवेदन फारम ।

घ) अनुसूची-७ अनुसार उपभोक्ताले भुक्तानी माग गर्ने निवेदनको ढाँचा र अनुसूची - ८ अनुसार उपभोक्ता र आपुर्तिकर्ता वीचको सम्झौता पत्र पेश गर्नु पर्नेछ ।

ङ) उपभोक्ताबाट आफैंले प्रमाणित गरिएको अनुसूची -१ (ख) वा (ग) अनुसारका सम्पूर्ण कागजातहरु।

च) उपभोक्ताको नाममा जारी कर विजक पेश गर्नु पर्ने छ ।

३. माथिको बुँदा नं. २ मा उल्लेख गरिएका कागजातहरु पूर्ण रुपमा पेश नभएमा निर्देशनालयले उपभोक्ताको नाममा भुक्तानी गर्न बाध्य हुने छैन।भुक्तानी छनौट समितिबाट छनौट भएका आपूर्तिकर्ताबाट लिएको कृषि यन्त्र, औजार, उपकरणमा मात्र उपभोक्तालाई भुक्तानी गरिने छ ।

४. यस सम्झौता बमोजिम खरिद भैसकेपछि निर्देशनालयले कर विजकमा उल्लेखित कुल रकमको १.५% अग्रिम कर कट्टा गरी बाँकी अनुदान रकम उपभोक्ताको नाममा रहेको बैंक खातामा जम्मा गरिने छ ।

५. प्रस्ताव छनौट समितिले निर्धारण गरिए बमोजिमको ब्राण्ड, मोडेल तथा क्षमता अनुसारको कृषि यन्त्र, औजार, उपकरणहरुमा निर्धारित अनुदान रकम बाहेकको रकम सम्बन्धित उपभोक्ताले आपूर्तिकर्तालाई भुक्तानी गर्नु पर्ने छ ।

६. उपभोक्ताले समयमा आपूर्तिकर्तालाई अनुदान बापत पाएको रकम भुक्तानी नदिएमा, आपूर्तिकर्ताले उपलब्ध गराएको यन्त्र औजार, उपकरण फिर्ता लिई यस निर्देशनालयमा जानकारी गराउनु पर्दछ । सो अवस्थामा निर्देशनालयले प्रचलित कानून बमोजिम असूल उपर गर्न सक्ने छ ।

प्रमुख सचिव

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं.-१ विराटनगर, नेपाल

७. आपूर्तिकर्ताले आपूर्ति गरेका विभिन्न कृषि यन्त्र, औजार, उपकरण चलाउने साधारण ज्ञान, सीप अनुसारको तालिम दिने व्यवस्था गर्नु पर्ने छ ।

८. सम्झौतामा उल्लेख भएका कुराहरु सम्झौता बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

९. कुनै कुराहरु स्पष्ट नभएमा वा कुनै कुरामा विवाद भएमा दुवै पक्षको आपसी छलफबाट निर्णय गरिनेछ र केही विवाद टुङ्गो नलागेमा प्रचलित ऐन नियम अनुसार वा यस निर्देशनालयबाट भएको निर्णय अन्तिम हुनेछ ।

१०. यस कार्यको सम्झौता आजको मितिदेखि प्रारम्भ हुनेछ ।

उपरोक्तानुसारको बुँदाहरुमा आपूर्तिकर्ता र उपभोक्ता दुवै सहमत भई यो सम्झौता पत्रमा हस्ताक्षर गरी लियौं दियौं ।

| उपभोक्ताको तर्फबाट | आपूर्तिकर्ताको तर्फबाट | कृषि ज्ञान केन्द्रको तर्फबाट |
|---|---|---|
| हस्ताक्षरः.................. | हस्ताक्षरः.......................... | हस्ताक्षरः.......................... |
| नामः.......................... | नामः.................................. | नामः.................................. |
| पदः.............................. | पदः.................................. | पदः.................................. |
| मितिः........................ | मितिः.................................. | मितिः.................................. |

| | |
|---|---|
| साक्षीः........................ | साक्षीः.................................. |
| हस्ताक्षरः........................ | हस्ताक्षरः................................ |
| नामः.............................. | नामः...................................... |
| पदः.................................. | पदः...................................... |
| संस्थाको नामः...................... | संस्थाको नामः ........................ |

सचिव

प्रमुख सचिव

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं.-१ विराटनगर, नेपाल

अनुसूची-१०

अनुदान प्रवाहमा उपलब्ध हुने कृषि यन्त्र उपकरणमा आपुर्ति कर्ताले राख्नु पर्ने प्रिन्ट वा प्लेटको ढाँचा

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
प्रदेश नं -१, विराटनगरबाट
अनुदान प्राप्त (आ.व................)

आपूर्तिकर्ता :....................................................

सचिव

प्रमुख सचिव
प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं.-१
विराटनगर, नेपाल